☎ ०२३ ५४०२४४
फ्याक्स: ०२३ ५४५८००

# बिर्तामोड नगरपालिका कार्यालय
# BIRTAMODE MUNICIPALITY OFFICE

बिर्तामोड,झापा
BIRTA MODE ,JHAPA

च.नं. ४४५४ मिति:-२०७३/०६/११

## सामाजिक सुरक्षा भत्ता सम्बन्धी सूचना ।

केन्द्रिय पंजीकरण विभागको च.नं. १४९ मिति २०७३/०६/०२ को पत्रानुसार नेपाल सरकार (सचिवस्तर) को मिति २०७३/०५/२९ को निर्णयले सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ मा पहिलो संशोधन भै यस कार्यक्रम अन्तरगत प्रति महिना पाउने सुविधा देहाय बमोजिम हुने उल्लेख भै आएको हुदा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ ।

## सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ मा संशोधन

**१३. लाभग्राहीले पाउने सुविधा**

क. जेष्ठ नागरिक भत्ता रु. १०००।-

ख. एकल तथा विधवा महिला भत्ता रु. १०००।-

ग. पुर्ण अपाङ्गता भएका व्यक्ति भत्ता रु. २०००।-

घ. अति अशक्त अपाङ्गता भएका व्यक्ति भत्ता रु. ६००।-

ङ. लोपोन्मुख अदिवासी जनजाति भत्ता रु. २०००।-

च. ५ वर्ष मुनिका दलित तथा कर्णाली क्षेत्रका बालबालिका भत्ता रु. ४००।-

छ. ७० वर्ष नाघेका जेष्ठ नागरिकका लागि उपचार खर्च रु. १०००।-

(२) नेपालभरका दलित र कर्णाली अञ्चलमा नवजात शिशुको जन्मदर्ता गर्ने म्याद भित्रै आउने परिवारलाई प्रोत्साहन स्वरुप एममुष्ठ रु. १०००।-

(३) उपदफा (१) बमोजिम सुविधा दिंदा कुनै व्यक्ति एक भन्दा बढी लक्षित समूहमा परेमा त्यस्तो व्यक्तिले सबै भन्दा बढी रकम भएको एक समुहको मात्र भत्ता पाउनेछ ।

**तर उपदफा (१) बमोजिम उपचार खर्च वापत रकमलाई दोहोरो परेको मानिने छैन ।**

२०७३.०६.११

Email : Btmnp53@gmail.com